/

**Publish Date :** 2082-08-19

त्रिभुवन विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय
बल्खु, काठमाडौं

# 4-Years B.Tech. Food 4th Year (Supplementary)-2081

**४ वर्षे स्नातक तह B.Tech. चौथो वर्षको पुरक परीक्षामा सहभागी हुने परीक्षार्थीहरूका लागि परीक्षा आवेदन फाराम Online मार्फत भर्ने सूचना।**

त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, बल्खुद्वारा वार्षिक परीक्षा प्रणाली अनुसार बिज्ञान तथा प्रविधि अध्ययन संस्थान तर्फ खाद्य प्रविधि (**वि.टेक.फुड**) चौथो बर्ष २०८१ को वार्षिक परीक्षामा सम्मिलित परीक्षार्थीहरुलाई **त्रि.वि. प्राज्ञिक परिषदद्वारा पूरक** परीक्षामा सम्मिलित गराउने निर्णय भएकोले तपसिल बमोजिमका परीक्षार्थीहरुलाई उक्त परीक्षामा सम्मिलित हुन केन्द्रिय परीक्षा संचालक समितिको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

## १. पूरक परीक्षा आवेदन फाराम सम्बन्धमा

क) पूरक परीक्षा आवेदन फाराम भर्न स्नातक तह चौथो वर्ष २०८१ को नियमित परीक्षार्थी हुनु पर्नेछ।
ख) परीक्षा आवेदन फाराम खोलेको मिति भित्र प्रथम, द्वितीय र तृतीय वर्षका सबै परीक्षाहरु (प्रयोगात्मक परीक्षा समेत) उत्तीर्ण भएको हुनु पर्नेछ।
ग) चौथो वर्ष २०८१ को परीक्षामा बढीमा दुई विषयमा अनुत्तीर्ण वा अनुपस्थित परीक्षार्थी मात्रै सहभागी हुन पाउनेछन् ।
घ) पूरक परीक्षामा सहभागी परीक्षार्थीहरुलाई २०८१ सालको चौथो वर्षकै सिम्बोल नम्बरबाट परीक्षामा सहभागी गराइने भएकोले परीक्षा आवेदनमा सोही सिम्बोल नम्बर उल्लेख गरी आवेदन फाराम भर्नु पर्नेछ ।
ङ) परीक्षा आवेदन फाराम भर्ने समय सात दिन मात्र (मिति २०८२ मंसिर १९ गतेदेखि २६ गतेसम्म) कायम गरिएकोले उक्त अवधि भित्र १ (क) देखि (घ) सम्म प्रक्रिया पूरा गरेका परीक्षार्थीहरुले सम्बन्धित क्याम्पसवाट अनलाईन (online) मार्फत परीक्षा आवेदन भर्नु पर्नेछ।
च) प्रयोगात्मक परीक्षा तथा आन्तरिक मूल्याङ्कनमा अनुपस्थित एबं अनुत्तीर्ण भएका विद्यार्थीहरूको हकमा सम्बन्धित विषयहरुको प्राप्ताङ्कहरु आवेदन फारामको अवधि भित्र प.नि.का.,वल्खु वा सम्बन्धित क्षे.प.नि.का. मा वुझाईसक्नु पर्नेछ ।
छ) परीक्षा केन्द्रहरु पछि प्रकाशित गरिनेछ ।

## २. परीक्षा आवेदन फाराम भर्ने म्याद र शुल्क सम्बन्धमा

**क)** काठमाडौ उपत्यकाका क्याम्पसहरुले त्रि.वि.प.नि. का. को नाममा जम्मा गरेको आवेदन फाराम शुल्कको बैंक भौचर २ दिन भित्र परीक्षा आवेदन फाराम अनिवार्य रुपमा त्रि.वि.प.नि.का.,बल्खुमा बुझाई सक्नुपर्नेछ, उपत्यका वाहिरका क्याम्पसहरुले बैंक भौचर सहित २ दिन भित्र परीक्षा आवेदन

फाराम सम्बन्धित क्षे.प.नि.का. र प.नि.का क्षेत्रको उपत्यका बाहिरका क्याम्पसहरुले त्रि.वि. प.नि.का, बल्खुमा बुझाईसक्नु पर्नेछ।

**ख)** परीक्षा फारामहरु बुझाउँदा सम्बन्धित प.नि.का.मा बैंक भौचर सहित सर्वप्रथम लेखा शाखामा फाराम रुजु गराएर सम्बन्धित फाराम शाखामा बुझाउनु पर्नेछ।

## ३. परीक्षा शुल्क सम्बन्धमा:

| क्र.सं | विवरण | शुल्क (रु.) |
|---|---|---|
| क | नियमित/ आंशिक/ पूरक परीक्षार्थीका लागि प्रति खण्ड शुल्क | 1000 |
| ख | परीक्षा आवेदन फाराम | 100 |
| ग | परीक्षा केन्द्र शुल्क | 150 |
| घ | प्रयोगात्मक परीक्षा प्रति विषयका लागि शुल्क | 200 |
| ङ | प्रयोगात्मक परीक्षा दुई वा दुई भन्दा बढी विषयका लागि शुल्क / पूरकको हकमा दुई विषयका लागि मात्र शुल्क | 300 |
| च | फिल्ड वर्क,टर्म पेपर र प्रोजेक्ट वर्क शुल्क | 300 |

**४) परीक्षा शुल्क बुझाउने सम्बन्धमा :**

**क)** काठमाडौं उपत्यका भित्रका क्याम्पसहरुले कीर्तिपुर बल्खु परिसर भित्र रहेका ग्लोबल आईएमई बैंक लिमिटेडको आम्दानी खाता नं. ०५०१०१०००००५०० मा अथवा नेपाल बैंक लिमिटेड आम्दानी खाता नं. ०४५००१०००९९१०८००००००१ मा परीक्षा सम्बन्धी शुल्कहरु जम्मा गरी प.नि.का. को नाममा रकम बुझाएको भौचर परीक्षा आवेदन फारमका साथ अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

**ख)** क्षे.प.नि.का.पोखरा क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का.,पोखरा स्थित नेपाल बैंक लिमिटेड, बगर शाखाको खाता नं. ०९१००१०११०१३४००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

**ग)** क्षे.प.नि.का. विराटनगर क्षेत्रका क्याम्पसहरुले परीक्षा सम्बन्धी सम्पूर्ण शुल्क क्षे.प.नि.का,विराटनगर स्थित नेपाल बैंक लिमिटेड,वजार अड्डा शाखाको खाता नं. १०४००१००९२२१२००००००१ मा रकम बुझाएको भौचर परीक्षा आवेदन फाराम साथै अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

..............................

परीक्षा नियन्त्रक